# भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु,सुर्खेत
कर्णाली प्रदेश, नेपाल

Fax ०८३- ५४०११०
Phone ०८३- ५४०१५४


प.सं. :- ०७९/०८०
च.न. :- ३६८

मिति :- २०७९।०५।२१

विषय : रायसुझाब पठाइदिने बारे ।

श्री वडा कार्यालय सबै
भेरीगंगा नगरपालिका, सुर्खेत ।

**प्रस्तुत विषयमा** भेरीगंगा नगरपालिकाको क्षेत्राधिकारमा रहेका भेरी नदी, छिन्चू खोला ,डुङ्गी खोला, मुरली खोला, झिग्नी खोला र कालपानी मेहटी खोलाहरुबाट नदीजन्य पर्दाथको उत्खनन्, संकलन र वितरण गर्नको लागि **"प्रारम्भिक वातारणीय परीक्षण"** को कार्यसूची (Terms of Reference) नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ४ को उपदफा (४) वमोजिम स्वीकृत भएको छ । वातावरण संरक्षण ऐन २०७६ को दफा २ (ड) र नियमावली २०७७ नियम ३ अनुसुची-२ वमोजिम, ढुंगा ,गिट्टी,वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ तथा नगरपालिकाको श्रोत संरक्षण ऐन २०७७ र नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ६ उपदफा (१) अनुसुची ४ बमोजिमका साथै स्थानीय सरकार संचालन ऐन २०७४, नियम तथा मन्त्रालयका निर्देशनहरुको अधीनमा रही संकलन तथा वितरण समेत गर्नलाई तयार पारिएको उल्लेखित नदी तथा खोलाहरुबाट नदीजन्य पर्दाथ निकाल्दा वातावरणमा के कस्तो प्रभाव पर्न सक्छ मिति २०७९/०५/१९ गतेको सार्वजनिक सूचना र नागरिक अभिमतको आधारमा ७ दिन भित्र लिखित रायसुझाव उपलब्ध गराइ दिनहुन पत्रचार गरिएको छ ।

| | |
|---|---|
| फोन | : ०८३५४०१५४ |
| फ्याक्स | : ०८३५४०१५४ |
| वेवसाइट | : www.bherigangamun.gov.np |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

# भेरीगंगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

मिति :- २०७९/०५/१९

(वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ सँग सम्वन्धित )

**भेरीगंगा नगरपालिकामा नदीजन्य पर्दाको उत्खनन्, संकलन र वितरणका लागि**

# सार्वजनिक सूचना

**प्रस्तावकाको नाम :** भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय छिन्चु , सुर्खेत

**प्रस्तावको नाम :** भेरीगंगा नगरपालिकामा नदीजन्य पर्दाथको उत्खनन् ,संकलन र वितरणका लागि प्रारम्भिक वातावरणीय परिक्षण

**प्रस्तावको व्यहोरा :** भेरीगंगा नगरपालिका क्षेत्राधिकारमा रहेका भेरी नदी, छिन्चू खोला ,डुङ्गी खोला, मुरली खोला, भिम्नी खोला र कालपानी मेहटी खोलाहरुबाट नदीजन्य पर्दाथको उत्खनन्,संकलन र वितरण गर्नको लागि "प्रारम्भिक वातारणीय परीक्षण" को कार्यसूची (Terms of Reference) नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि २०७७ को दफा ४ को उपदफा (४) बमोजिम मिति २०७९-०५-०८ गते स्वीकृत भएको छ। वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७, तथा स्थानीय सरकार संचालन ऐन २०७४, नियम तथा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय ढुंगा गिट्टि र वालुवा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को अधीनमा रही संकलन तथा वितरण समेत गर्नलाई तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रयोजनका लागि सम्बन्धीत क्षेत्रसँग सम्बन्धीत सवालहरुको बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका व्यक्ति वा सस्थाको जैविक, भौतिक, आर्थिक, सामाजिक एवं वातावरणका पक्षमा पर्न सक्ने प्रभाव सम्बन्धी राय सुझाव लिनु पर्ने भएकाले सोहि नियम अनुसार यो सूचना प्रकाशित गरिएको छ। माथिको प्रस्ताव कार्यान्वयनबाट प्रभाव पर्न सक्ने माथि उल्लेखित नदी तथा खोला क्षेत्रका वडाका विधालय, स्वास्थ्य सस्थाहरु, सरोकारवाला संघसस्था र व्यक्तिहरु यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराइदिन हुन अनुरोध छ।

**प्रस्तावक :** भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सर्खेत
कर्णाली प्रदेश , नेपाल
**फोन** : ०८३५४०१५४, फ्याक्स : ०८३५४०१५४

वेवसाइट : www.bherigangamun.gov.np

कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner